# तलकोट गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड. २ सङ्ख्या. ६१ मितिः २०८३/०४/०६**

**भाग - १**

**तलकोट गाउँपालिका**

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०८३।०४।०६ |

| | |
|---|---|
| ऐन संख्या :- | ३० |

# उद्देश्य र कारण

तलकोट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही कर, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले राजस्व, कर, शुल्क, र दस्तुरको निर्धारण, त्यस्तो कर दस्तुरको दर बढाउने, घटाउने व्यवस्थाको साथै सेवा शूल्क तथा दस्तुर, पूर्वाधार कर, सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, वन पैदावार शुल्क नदिजन्य वस्तुको शुल्क लगायतका शुल्क, दस्तुर, कर सम्बन्धी व्यवस्थाहरुलाई समयानुकुल निर्धारण गरिएको छ । कर संकलनको कार्यविधिमा समय सापेक्ष सुधार परिमार्जन गर्दै अन्य गत विगतका आर्थिक वर्षमा लगाइएको र उठाइएको दरलाई आधार मानी राजश्वका दर निर्धारण गरिएको छ ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

(पार्वती कुँवर भण्डारी )
उपाध्यक्ष, तलकोट गाउँपालिका

तलकोट गाउँपालिका

**तलकोट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक– २०८३**
**प्रस्तावनाः**

तलकोट गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम तलकोट गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "तलकोट गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि तलकोट गाउँपालिका क्षेत्रभर प्रारम्भ हुनेछ।

२. **एकिकृत सम्पत्ति कर** :(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। तर गुठी तथा सरकारी जग्गामा सम्पत्ति कर लगाइने छैन।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम हुनेछ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

३. **भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। तर दफा २ बमोजिम एकिकृत सम्पत्ति कर लगाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन।

४. **घर जग्गा वहाल कर** :(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (३) मा उल्लेख भएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि गाउँपालिका घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ।

तलकोट गाउँपालिका

**५.व्यवसाय कर** :(१)गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उप दफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर ब्यापार, सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ।

७) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस गाउँपालिकाको क्षेत्रमा दर्ता नभए सञ्चालनमा रहेका व्यवसायको हकमा एक पटकका लागि सञ्चालन भएको वर्ष वा मिति खुलेको भए सोही वर्ष र सो नखुलेको भए चालू आर्थिक वर्षको दरमा ५ वर्षको व्यवसाय कर तिरी व्यवसाय दर्ता गर्ने व्यवस्था गर्न सकिनेछ। तर तोकिएको समयमा दर्ता वा नवीकरण गर्न नसकेमा सम्बन्धित विषय क्षेत्रसँग सम्बन्धित कानूनी व्यवस्था अनुसार जरीवाना तोक्न सकिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : (१)गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसद्घयिक कारोवार गरेवापत अनसूची (५) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ।

स्पष्टीकरणःयस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विलबिजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र गाउँपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ।

तलकोट गाउँपालिका

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसयिक कारोवार गर्ने ब्यक्ती वा संस्थालाई गाउँपालिकाले ब्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

७. **सवारी साधन कर र पूर्वाधार उपयोग शूल्क** :(१) गाउँपालिका क्षेत्रभित्रका सवारी साधनमा सुदुरपश्चिम प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथा स्कुटरमा गाउँपालिकाले सवारी साधन करलगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (६) बमोजिम हुनेछ ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट गाउँपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ । ।

(२) गाउँपालिका क्षेत्रमा सडक पूर्वाधार, पुल संरचनाको उपयोग गर्दा अनुसुचि ( ६) बमोजिम पूर्वाधार उपयोग शूल्क लगाउनेछ ।

८. **विज्ञापन कर** :गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. **मनोरन्जन कर** :(१) गाउँपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल,जादू, सर्कस, चटक, स्वीमिङ पोखरी, पुलहाउस वा स्नुकर जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

तर प्रदेश कानून बनि नसकेको अवस्थामा यस दफा बमोजिम गाउँपालिकाले अनुसूची (८) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।

(२)उपदफा (१) बमोजिम गाउँपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

तलकोट गाउँपालिका

**१०. बहाल बिटौरी शुल्क :**(१) गाउँपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (९) बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास वा आवादी जग्गामा,

(ग) गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनकालागि गाउँपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

५) माथि जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले आफ्नै पहलमा बहाल बिटौरीको लगत संकलन गर्न र कर असुल गर्न सक्नेछ ।

**११. पार्किङ शुल्क :**(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (१०) मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) गाउँपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

तलकोट गाउँपालिका

**१२. ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर** :(१)गाउँपालिकाले आफ्नो क्षेत्रभित्रसञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपप्लायर,ऱ्याफ्टिङ्ग,प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) गाउँपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क,

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(ज) गाउँपालिकाले स्वीकृत कार्यक्रम तथा दरबन्दीमा प्रतिस्पर्धात्मक परीक्षा द्वारा पदपूर्ती गर्दा लिने परीक्षाको शूल्क ।

(३) गाउँपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, “घ” बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल,स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइन र उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (१२) मा उल्लेख भएबमोजिम हुनेछ ।

तलकोट गाउँपालिका

**१४. पर्यटन शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५.नदीजन्य तथा प्राकृतिक स्रोत संकलन तथा बिक्रि शुल्कः**

१)तलकोट गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सबै नदीनाला तथा खोलाहरुबाट प्राप्त हुने नदीजन्य वस्तुहरुको सेवा शुल्क कर (बिक्रीकर) अनुसूची १४ मा तोकिए बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

२) सुदुर पश्चिम प्रदेश सभाले सम्बन्धित आर्थिक वर्षका लागि प्रदेश राजपत्रमा सुचना प्रकाशन गरी बिक्रिकर तोकेको अवस्थामा सोही बमोजिम प्राकृतिक स्रोत संकलन तथा बिक्रि शूल्क लाग्ने छ ।

३) व्यक्तिको निजी जग्गाबाट माटो वा बालुवा बिक्रि गर्दा जग्गाधनीले नै कति परिमाणमा माटो संकलन गर्न खोजेको हो, सो को परिमाण खोली कार्यालयमा निवेदन दिनु पर्नेछ ।

४) नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोत संकलन हुने स्थानमा बहुमूल्य पत्थर, ऐतिहसिक र सांस्कृतिक महत्वका शालिग्राम शिला वा अन्य मूल्यवान पत्थर नभएको प्रारम्भिक वातावरणीय परीक्षण गरी यकिन भएको हुनु पर्नेछ ।

५) नदीजन्य तथा प्राकृतिक स्रोत सम्बन्धि अन्य व्यवस्था प्रदेश आर्थिक ऐन बमोजिम हुनेछ ।

**१६.घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन गाउँपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

**१७. सवारी साधनको बहाल शूल्क :**

(१) गाउँपालिकाले सञ्चालन गरेका सवारी साधन तथा ह्याभी इक्वीपमेन्टमा तोकिएको दरले बहाल शूल्क उठाउनेछ ।

२) गाउँ कार्यपालिकाको कार्यालयले प्रतिस्पधात्मक प्रस्ताव मार्फत वार्षिक वा मासिक रुपमा सवारी साधन बहालमा दिन सक्नेछ ।

३) सवारी साधन बहालमा दिने सम्बन्धी अन्य कार्य कार्यपालिका वा कार्यपालिकाले तोकेको अधिकारप्राप्त प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानूनमा भए बमोजिम गर्न सक्नेछ ।

तलकोट गाउँपालिका

१८. **दण्ड जरिवाना** :(१)गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

१९. **कर छुट** :(१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई गाउँसभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा वाहेक गाउँपालिकाले कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

२०. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन** :(१) गाउँपालिका गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले गाउँपालिका प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले अध्यक्षको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

तलकोट गाउँपालिका

(३)उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) गाउँपालिका तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा गाउँपालिका त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

२१.**ठेक्का आह्वान गर्न सक्ने** :(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमकोआय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(३) गाउँपालिका सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) गाउँपालिका कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली–२०७७ लाई आधार मानी गरिनेछ ।

२२. **सहयोग गर्नुपर्ने** : संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले गाउँपालिका राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२३. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** : गाउँपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नेछ ।

२४. **कार्यविधि बनाउन सक्ने** :(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि तलकोट गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

तलकोट गाउँपालिका

२५. **प्रचलित कानुन बमोजिम हुने** :यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्थामा भए बमोजिम हुनेछन् ।

तलकोट गाउँपालिका

तलकोट गाउँपालिका बझाङ
आर्थिक ऐन २०८३

## अनुसूची - १
(दफा २ संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने एकीकृत सम्पत्ति कर

| सि.नं. | राजश्वका क्षेत्रहरु/ मूल्यांकन रकम | आ.व. २०८२/८३ को प्रस्तावित दर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | रु १ लाख देखि ५ लाख सम्मको मूल्यांकन रकममा | एकमुष्ट ७५ | |
| २ | रु ५ लाख १ हजार देखि १० लाख सम्म | प्रति लाख २५ का दरले थप | |
| ३ | रु १० लाख १ हजार देखि ५० लाख सम्म | प्रति लाख ५० का दरले थप | |
| ४ | रु ५० लाख १ हजार देखि १ करोड सम्म | प्रति लाख ७५ का दरले थप | |
| ५ | रु १ करोड १ लाख देखि २ करोड सम्म | प्रति लाख रु १०० का दरले थप | |
| ६ | रु २ करोड १ लाख देखि ५ करोड सम्म | प्रति लाख रु ११५ का दरले थप | |
| ७ | रु ५ करोड १ लाख देखि १० करोड सम्म | प्रति लाख रु १३० का दरले थप | |
| ८ | रु १० करोड भन्दा माथि जतिसुकै भएपनि | प्रति लाख रु १५० का दरले थप | |

तलकोट गाउँपालिका

तलकोट गाउँपालिका बझाङ
आर्थिक ऐन २०८३

### अनुसूची - २
(दफा ३ संग सम्बन्धित)

## क) मालपोत वा भुमि कर तर्फ

| सि न | वर्ग | न्युनतम ५ रोपनी सम्मको रकम | | थप प्रति रोपनी रकम रु | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| १ | अब्वल | रु २५/- | रु १५/- | रु ५/- | रु ३/- |
| २ | दोयम | रु २०/- | रु १०/- | रु ४/- | रु ३/- |
| ३ | सिम | रु १५/- | रु ५/- | रु ३/- | रु ४/- |
| ४ | चाहार | रु १०/- | रु ३/- | रु २/- | रु ५/- |
| | | | | | |

## ख) घर कर (वर्गिकरण अनुसार)

| क्र.सं. | घरको किसिम | आ.व.२०८२/८३ को दर रु | |
|---|---|---|---|
| | | आवासिय प्रयोजन | व्यवसायिक प्रयोजन |
| १ | ढुंगामाटोको जोडाई टिनको २ तले छाप्रो (छानो) | २०/- | ४०/- |
| २ | ढुंगामाटोको जोडाई २ तले टिन वा ढुँगाको छानो भएको घर | ३०/- | ६०/- |
| ४ | ढुंगामाटोको जोडाई ३ तले टिन वा ढुंगाको छानो भएको वारदली सहितको घर | ६०/- | १५०/- |
| ५ | ढुंगामाटो सहितसिमेन्टले प्लाष्टर गरेको २ तला सम्मको घर | ८०/- | १६०/- |
| ६ | व्यापार ,ब्यबसाय प्रयोजनका लागि बनाएको १ वा २ तले काठ वा टिनको प्रयोग गरि बनाएको घर | १८०/- | १८०/- |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| ७ | पिलर विम बाहेकको ढलान गरेको २/३ तले घर | १००/- | २००/- |
| ८ | पिलर विम सहितको टिन वा ढुङ्गाले छाएको विना ढलानको घर | १२०/- | २४०/- |
| ९ | पिलर र विम सहितको ढलान गरिएको घर | २००/- | ४००/- |
| १० | नक्सापास निवेदन फारम दस्तुर | ५००/- | १५००/- |

## अनुसूची - ३
(दफा ४ संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने घरवहाल कर

| सि.नं. | घरको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | जुनसुकै घर वा अन्य सम्पत्ती को बहाल कर | बहाल रकमको १० प्रतिशत | घर कर निर्धारणका लागि कार्यपालिकाकाले क्षेत्र तोकी न्यूनतम दररेट कायम गर्ने |

## अनुसूची - ४
(दफा ५ संग सम्बन्धित)
## क) गाउँपालिकाले लगाउने व्यवसाय कर

| सि.नं. | राजश्वका क्षेत्रहरु | आगामि आ.व. २०८२/८३को दर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | ज्वेलरी सुन चाँदी पसल | ५००/- | |
| २ | सून चाँदी जलप लगाएतका गरगहना वेचविखन (विर्षिक ) | ५००/- | |
| ३ | मदिरा व्यवसाय नयाँ (थोक) | ५००००/- | |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| | मदिरा व्यवसाय नबिकरण (थोक) | १५,०००/- | |
| ४ | **मदिरा व्यवसाय नयाँ (खुद्रा)** | ३००००/- | |
| | मदिरा व्यवसाय नबिकरण (खुद्रा) | २,०००/- | |
| ५ | भिडियो क्यामेरा पसल दर्ता | ५००/- | |
| ६ | इलेक्ट्रिक सामानको पसल (घडी, रेडियो, टि.भी.मोवाइलमर्मत) | १०००/- | |
| ७ | भाँडा पसल दर्ता | १०००/- | |
| ८ | हार्डवयेर पशल दर्ता | १५००/- | |
| ९ | इन्धन विक्रि पसल (डरममा राखेर),एल.पि ग्यास | ८००/- | |
| १० | फर्निचर पसल | १०००/- | |
| ११ | खाद्यान्न किराना पसल थोक विक्रेता पशल | १५००/- | |
| १२ | खाद्यन्न किराना पसल खुद्रा विक्रेता | १०००/- | |
| १३ | फलफूल तरकारी पसल | २००/- | |
| १४ | गेष्टहाउस ( खाना र बस्ने व्यवस्था गरिएका सबै किसिमका व्यवसाय ) | ५००/- | |
| १५ | होम स्टे प्रति घर | ३००/- | |
| १६ | स्टेशनरी पशल | ५००/- | |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| १७ | वित्तीय बैंक नेपाल सरकारको स्वामित्व वाहेक | १५००/- | |
| १८ | फाइनान्स तथा लघु वित्त | १५००/- | |
| १९ | बहुउद्देश्यीय सहकारी -ऋण, वचत प्रतिलाख मुनाफामा | ५००/- | |
| २० | कृषि सहकारी प्रति लाख मुनाफामा | ५०/- | |
| २१ | औषधी पसल/क्लिनिक | ५००/- | |
| २२ | दाँत बनाउँने / आँखासम्बन्धित क्लिनिक | ५००/- | |
| २३ | कम्प्युटर प्रशिक्षण | १०००/- | |
| २४ | व्युटिपार्लर | ५००/- | |
| | | | |
| २५ | सवारी साधन मर्मत ग्यारेज | १०००/- | |
| २६ | फोटो स्टुडियो | ५००/- | |
| | | | |
| २७ | गै.स.सं.दर्ता सिफारिस | १५००/- | |
| | गै.स.सं नबिकरण शुल्क | १०००/- | |
| २८ | अन्तर्राष्ट्रिय गै.स.सं.(कार्यक्रम अनुमति सिफारिस) | १०००/- | |
| २९ | क)घ वर्गको इजाजत अनुमति शुल्क<br>ख)गाउँपालिका सेवा शुल्क<br>जम्मा क+ख<br>ग)अनुमति पत्रको प्रतिलिपि<br>घ)नामसारि तथा ठाउसारि | क) रु ३०००/–<br>ख) रु १००/–<br>जम्मा रु ३१००/–<br>ग) रु ५००/– | |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| | ङ) नविकरण शुल्क(असोज भित्र)<br>च) नविकरण शुल्क असोज पछाडि चैत्र सम्म) | घ) रु ३०००/–<br>ङ) रु ३०००/–<br>च) रु ६०००/– | |
| ३० | मासु पसल | १०००/- | |
| ३१ | पिकनिकपार्क स्पोर्ट | १००/- | |
| ३२ | घुम्ती पसल र व्यवसाय | | |
| | स्थानीय | २००/– | |
| | बाह्य | ५०० /- | |
| | सिरक डसना बनाउने, ट्याक्टर समेत | १०००/– | |
| ३३ | कपडा पसल | १०००/- | |
| ३४ | सूचीकार टेलर्स | २००/- | |
| ३५ | जुत्तासिउने पसल | २००/- | |
| ३६ | राइस मिलकुटनी पीसानी मिल | ५००/- | |
| ३७ | ज्योतिष पसल | २००/- | |
| ३८ | सवारी साधन (स्कुटर, मो.सा., अन्यचार पाङ्गे) मर्मत पसल | ५००/- | |
| ३९ | निजी कार जीपमा सामान राखि बिक्रि वितरण गर्ने | २००/- हरेक पटक | |
| ४० | ट्याक्टर सामान ढुवानी गर्ने वार्षिक | १०००/- | |
| ४१ | निजी मिनी वस, ट्राभल बस ,ट्रक | १५००/- | नियमित रुटमा चल्ने बाहेक |

तलकोट गाँउपालिका

| | | | |
|---|---|---|---|
| ४२ | कस्मेटिक पसल | ५००/- | |
| ४३ | हजाम पसल दर्ता शूल्क र नवीकरण | ५००/- | |
| ४४ | सुर्तिजन्य पसल दर्ता शुल्क | ८००/- | |
| | सुर्तिजन्य पसल नबिकरण शुल्क | ४००/- | |
| ४५ | एग्रोभेट पसल दर्ता शुल्क र नवीकरण | १०००/- | |
| ४६ | सामान्य चिया पसल मात्र | २००/- | |
| ४७ | होटेल एण्ड लज ( विशेष उद्देश्य राखि सञ्चालन गरिएका ) | १०००/- | |
| ४८ | आरन /काठका ठेकि तथा अन्य सामान पसल | १००/- | |
| ४९ | डोका ,डालो लगाएत अन्य निगालो र बाँस जन्य सामानको पसल | २००/- | |
| ५० | हाते कागज,अल्लो प्रशोधन,होजियारी उद्योग | ३००/- | |
| ५१ | कभर्ड हल -व्यायाम शाला | ५००/- | |
| ५२ | नयाँ व्यवसाय दर्ता शुल्क रु १ लाख सम्म | ५००/- | |
| ५३ | नयाँ व्यवसाय दर्ता शुल्क रु १ देखि ५ लाख सम्म | ८००/- | |
| ५४ | नयाँ व्यवसाय दर्ता शुल्क रु ५ लाख देखि १० लाख सम्म | १०००/- | |
| ५५ | नयाँ व्यवसाय दर्ता शुल्क रु १० लाख भन्दा माथि | १५००/- | |
| ५६ | उद्योग दर्ता (साना तथा लघु उद्योग) रु १ लाख सम्म | ५००/- | |
| ५७ | उद्योग दर्ता १ लाख देखि ५ लाख सम्म | १०००/- | |
| ५८ | उद्योग दर्ता ५ लाख भन्दा माथि | १५००/- | |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| ५९ | स मिल काठ चिरानी दर्ता शुल्क | १५००/- | |
| ६० | फर्निचर उद्योग दर्ता शुल्क | १०००/- | |
| ६१ | डेरि उद्योग दर्ता | ५००/– | |
| ६२ | उल्लेखित बाहेक अन्य ब्यबसाय दर्ता, सिफारिस | ५००/- | |
| ६३ | उल्लेखित बाहेक अन्य नबिकरण शुल्क | ५००/- | |
| ६४ | चेन स (रुख काट्ने आरा, विद्युतीय आरा मेसिन) | १०००/ | |

**ख) घट्ट कर**

| | | | |
|---|---|---|---|
| १ | नयाँ पानी घट्ट दर्ता शुल्क | रु ५०/- | |
| २ | विद्युतबाट चल्ने घट्ट दर्ता शुल्क | रु १००/- | |
| ३ | ३ महिना सम्म संचालन हुने | रु ५०/- | |
| ४ | ६ महिना सम्म संचालन हुने | रु ७५/- | |
| ५ | १२ महिना संचालन हुन | रु १००/- | |

**अनुसूची - ५**

(दफा ६ संग सम्बन्धित)

**क) गाउँपालिकाले लगाउने जडिवुटी,फलफूल, कवाडी र जीवजन्तु कर**

| सि.नं. | राजश्वका क्षेत्रहरु | आगामि आ.व २०८२/८३ | कैफियत |
|---|---|---|---|
| १ | लोकल यार्चा गुम्बा प्रति के.जि | रु १०००/- | |
| २ | यार्चा गुम्बा प्रति के.जि | रु १५००/- | |
| ३ | पाषणबेद (भिडेती) प्रति क्विन्टल | रु २००/- | |
| ४ | समय(सुगन्धवाल) प्रति क्विन्टल | रु २००/- | |
| ५ | चिराइतो प्रति क्विन्टल | रु ३००/- | |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| ६ | बोजो प्रति क्विन्टल | रु २००/- | |
| ७ | कटुकि प्रति क्विन्टल | रु ३००/- | |
| ८ | सतुवा प्रति क्विन्टल | रु १०००/- | |
| ९ | घुचि च्याउ प्रतिकिलो | रु ५००/- | |
| १० | पन्ने च्याउर अन्य च्याउ जाती ( गानोडर्मा) प्रति के.जि | रु २००/– | |
| ११ | गदाल्नो प्रति के.जि | रु ५०/- | |
| १२ | लोक्ता,अल्लो प्रति क्विन्टल | रु १५०/- | |
| १३ | रिठो प्रति क्विन्टल | रु १५०/- | |
| १४ | सुनाखरी प्रति के.जि | रु ५०/- | |
| १५ | स्याउ,सुन्तला,ओखर,आरु,केरा आदि प्रति क्विन्टल | रु ५०/- | |
| १६ | कोदो,मकै,फापर,जौ,लोकल चामल, प्रति क्विन्टल | रु १००/- | |
| १७ | दालजन्य गेडागुडि | रु १००/- | |
| १८ | कवाडिजन्य सामान फलाम, अल्मोनियम, प्लास्टिक प्रति क्विन्टल | रु ५०/- | |
| | भेडा,बाख्रा,खसि,बोका (प्रति गोटा स्थानिय बजारमा खपत) | रु ५०/- | |
| | भेडा,बाख्रा,खसि,बोका (प्रति गोटा गाउँपालिका बाहिर निकासी) | रु १००/- | |
| १९ | राँगा, भैँसी गाउँपालिका बाहिर निकासी प्रतिगोटा | रु २०००/– | |
| | | | |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | | |
| २० | अन्य नेपाल सरकारबाट निकासीका लागि अनुमती प्राप्त जडिबुटिका हकमा | कारोकारमा प्रयोग भएको बिल बिजकका आधारमा कारोबार रकमको ०.५ प्रतिशतले हुन आउने रकम | |
| २१ | खच्चर( प्रति गोटा सामान ढुवानी बार्षिक) | रु २००/- | |
| २२ | जनावरको हाडखोर प्वाँख छाला नङग्रा सिंङ रौ आदि प्रति क्वीन्टल | रु ५००/- | |
| २३ | पदमचाल(पदमचारो) | रु १५०/– प्रति क्वीन्टल | |
| २४. | धुपी | रु ५००/- प्रति क्वीन्टल | |
| २५. | भोजपत्र | रु २००/- प्रति क्वीन्टल | |
| २६ | टिमुर | रु ५००/- प्रति क्वीन्टल | |
| २७. | रिठ्ठा | रु २५/- प्रति क्वीन्टल | |
| २८ | जटामसी | रु ५००/- प्रति क्वीन्टल | |
| २९ | खिरौंला, सेतो चिनी | रु ३० प्रतिक्वीन्टल | |
| ३० | कटुकी | रु १४००/–प्रतिक्वीन्टल | |
| ३१ | वन लसुन | रु ५०/–प्रतिकिलो | |
| ३२ | सतुवा | रु ५० प्रतिकिलो | |
| ३३ | बोझो | रु १५०/–प्रतिक्वीन्टल | |
| ३४ | झुलो (झ्याउ, लाइकेन) | रु १२०/–प्रतिक्वीन्टल | |
| ३५ | सल्लाको आँख्ला/ कोन (सिम्ता) | रु १०० /– प्रतिक्वीन्टल | |
| ३६ | चुथ्राको जरा | रु १०० /– प्रतिक्वीन्टल | |
| ३७ | विषफेज | रु १०० /– प्रतिक्वीन्टल | |

तलकोट गाउँपालिका

## ख) रुख कटानको कर

| | | | |
|---|---|---|---|
| १ | १ वटा रुख देखि १० वटा रुख सम्म (प्रति रुख) | रु १००/- | |
| २ | ११ वटा रुख देखि ३० वटा रुख सम्म (प्रति रुख) | रु २००/- | |
| ३ | ३१ वटा रुख देखि ५० वटा रुख सम्म (प्रति रुख) | रु २५० /- | प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भएकोमा मात्र दिइने |
| ४ | ५१ वटा रुख देखि १०० वटा रुख सम्म (प्रति रुख) | रु ३०० /- | प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भएकोमा मात्र दिइने |
| ५ | १०१ वटा रुख देखि ५००वटा रुख सम्म (प्रति रुख) | रु ४००/- | प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भएकोमा मात्र दिइने |
| ६ | ५०१ वटा रुख देखि १००० वटा रुख सम्म (प्रति रुख) | रु ५००/- | प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भएकोमा मात्र दिइने |
| ७ | १००० वटा रुख भन्दा माथि (प्रति रुख) | ७५०/– | प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भएकोमा मात्र दिइने |
| ८ | सल्लाको रुखबाट खोटो संकलन कार्य(प्रति टिन) | रु २०/- | |
| ९ | गाउँपालिका बाहिर काठ निकासि प्रति घनमिटर ( सल्लो प्रजाती) | रु २००/- | सुकेको काठ सामूदायिक वनले निकासी गर्दा |
| १० | काठ विक्रि गा पा भित्र (सामुदायिक वनका लागि ) प्रतिघनमिटर | रु १७५/- | |

## अनुसूची - ६
(दफा ७ संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने पूर्वाधार उपयोग शूल्क कर

| सि.नं. | राजश्वका क्षेत्रहरु | आगामि आ.व. २०८२/८३ को दर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | जिप प्रति दिन | रु ५०/- | |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| २ | बस ट्रक एक ट्रिपको | रु १५०/- | |
| ३ | टेक्टर एक ट्रिपको | रु १००/- | |
| ४ | जे.सि.भि र ह्भि इक्युपमेन्ट प्रतिदिन | रु २००/- | |

## अनुसूची - ७
(दफा ८ संग सम्बन्धित)
**गाउँपालिकाले लगाउने विज्ञापन कर**

| सि.नं. | राजश्वका क्षेत्रहरु | आगामि आ.व. २०८२/८३ को दर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | गाडीमा सामान वोकी विज्ञापन गर्ने (प्रतिपटक) | रु १००/- | |
| २ | स्टल राखी विज्ञापनगर्नै (प्रतिदिन) | रु १००/- | |
| ३ | कन्सर्ट (प्रतिपटक) | रु ५००/- | |
| ४ | तुलव्यानर राखी विज्ञापन - प्रतिपटक | रु ५०/- | |
| ५ | होडिङ बोर्ड राखि बिज्ञापन गर्ने | रु ५००/- | |
| ६ | सञ्चार सम्बन्धित टावर | रु ६०००/- | |

## अनुसूची - ८
(दफा ९ संग सम्बन्धित)
**गाउँपालिकाले लगाउने मनोरञ्जन कर**

| सि.नं. | राजश्वका क्षेत्रहरु | आगामि आ.व. २०८२/८३ को प्रस्तावित दर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | सिनेमा घर | रु ५००/- | |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| २ | भिडियो देखाउने | रु २००/- | |
| ३ | गित सङगित पाठशाला | रु २००/- | |
| ४ | जादुगर,सर्कश, | रु २००/- | |
| ५ | डान्सवार ,दोहोरिसाँझ | रु २०००/- | |
| ६ | पोलो, हकी, स्नुकर | २०००/– | |

## अनुसूची - ९

(दफा १० संग सम्बन्धित)

## गाउँपालिकाले लगाउने बहाल विटौरी शुल्क

| सि.नं. | राजश्वका क्षेत्रहरु | आ. व २०८२/८३ का लागि | कैफियत |
|---|---|---|---|
| १ | पक्कि घर बाटोले छोएको (प्रति वर्गमिटर मासिक) | रु १०/- | |
| २ | पक्कि घर बाटोले नछोएको ( प्रति वर्गमिटर मासिक)) | रु ४०/- | |
| ३ | कच्चि घर बाटोले छोएको ( प्रति वर्गमिटर मासिक)) | रु ६०/- | |
| ४ | कच्चि घर बाटोले नछोएको (प्रति वर्गमिटर मासिक)) | रु ५०/- | |
| ५ | टिनको छाप्रो मासिक | रु ५००/- | |
| ६ | बाटोको क्षेत्रमा प्रति वर्गमिटर (मासिक) | रु ८०/- | |
| ७ | बाटोको क्षेत्र बाहेक प्रति रोपनि (मासिक) | रु १५००/- | |

तलकोट गाउँपालिका

तलकोट गाउँपालिका बझाङ
आर्थिक ऐन २०८३

## अनुसूची - १०
(दफा ११ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने पार्किङ शुल्क

| सि.नं. | राजश्वका क्षेत्रहरु | आगामि आ.व. २०८२/८३ का लागि | कैफियत |
|---|---|---|---|
| १ | मोटर साइकल प्रतिदिन | रु १०/- | प्रतिदिन |
| २ | कार,जिप, प्रतिदिन | रु १०/- | |
| ३ | टेक्टर | रु २०/- | |
| ४ | बस,ट्रक | रु ३०/- | |
| ५ | स्काभेटर, डोजर | रु ५०/– | |

## अनुसूची - ११
(दफा १२ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने ट्रेकिङ, बन्जी जम्पिङ्ग, र ऱ्याफ्टीङ्ग शुल्क

| सि.नं. | राजश्वका क्षेत्रहरु | आगामि आ.व २०८२/८३को प्रस्तावित दर रकम | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ ( आन्तरिक पर्यटक) | रु १००/- | |
| | ट्रेकिङ ( बाह्य पर्यटक) | रु ५००/- | |
| २ | बन्जी जम्पिङ्ग ( आन्तरिक पर्यटक) | रु ५००/- | |
| | बन्जी जम्पिङ्ग ( बाह्य पर्यटक) | रु १५००/- | |
| ३ | ऱ्याफ्टीङ्ग शुल्क ( आन्तरिक पर्यटक) | रु २५०/- | |
| | ऱ्याफ्टीङ्ग शुल्क ( बाह्य पर्यटक) | रु १०००/- | |

तलकोट गाउँपालिका

तलकोट गाउँपालिका बझाङ
आर्थिक ऐन २०८३

## अनुसूची - १२

(दफा १३ संग सम्बन्धित)

### क) गाउँपालिकाले लगाउने सेवा शुल्क, सिफारिस ,दस्तुर

| सि.नं. | राजश्वका क्षेत्रहरु | आगामि आ.व २०८२/८३ को प्रस्तावित दर | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | २००/- | |
| २ | मोही लगत कट्टा सिफारिस | १००/- | |
| ३ | घर कायम सिफारिस | २५०/- | |
| ४ | छात्र बृत्ति सिफारिस | १००/- | |
| ५ | विपन्न विद्यार्थी छात्र बृत्ति सिफरिस | ५०/- | |
| ६ | अपांग सिफारिस | निशूल्क | |
| ७ | अस्थायी बसोवास सिफारिस | २००/- | |
| ८ | स्थायी वसोवास सिफारिस | २००/- | |
| ९ | नागरिकता सिफारिस | २००/- | |
| | नागरिकता प्रतिलिपि सिफारिस | २००/- | |
| १० | अंगिकृत नागरिकता सिफारिस | ५००/- | |
| ११ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | १००/- | |
| १२ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | १२००/- | |
| १३ | विद्युत मिटर जडान सिफारिस | २००/- | |
| १४ | धारा जडान सिफारिस | १००/- | |
| १५ | जिवित रहेको सिफारिस | १००/- | |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| १६ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | १००/- | |
| १७ | जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित | ५००/- | |
| १८ | व्यवसाय वन्द सिफारिस | १००/- | |
| १९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १००/- | |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | १००/- | |
| २१ | कोट फी मिनाहा सिफारिस | १००/- | |
| २२ | नावालक परिचयपत्र सिफारिस | १५०/- | |
| २३ | चौपाय सम्बन्धी सिफारिस | १००/- | |
| २४ | व्यवसाय दर्ता सिफारिस | २००/- | |
| २५ | उद्योग ठाउँसरी सिफारिस | १०००/- | |
| २६ | आन्तिरिक बसाइँसराई सिफारिस | पञ्जीकरण नियमावली अनूसार | |
| २७ | व्यक्तिगत विवरण सिफारिस | २००/- | |
| २८ | जग्गा दर्ता सिफारिस | १५००/- | |
| २९ | संरक्षक सिफारिस (व्यक्तिगत) | १००/- | |
| ३० | संरक्षक सिफारिस (संस्थागत) | २००/- | |
| ३१ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | २५०/- | |
| ३२ | जिवित संगको नाताप्रमाणित | २००/- | |
| ३३ | मृतक संगको नाता प्रमाणित | २००/- | |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| ३४ | कोठा खोल्ने कार्य/ रोहवरमा वस्ने कार्य | ३००/- | |
| ३५ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशूल्क | |
| ३६ | अन्य कार्यालयको मागअनुसार विवरण खुलाइपठाउने कार्य | निशूल्क | |
| ३७ | संस्था दर्ता सिफारिस | ५००/- | |
| ३८ | समुह दर्ता शूल्क ( महिला आमा समूह, कृषक समूह आदि) | ५००/- | |
| ३९ | समूह नवीकरण | २००/- | |
| ३९ | घरबाटो प्रमाणित | २५०/- | |
| ४० | चार किल्ला प्रमाणित | ५००/- | |
| ४१ | जन्म मिति प्रमाणित | २००/- | |
| ४२ | विवाह प्रमाणित | १५०/- | |
| ४३ | कागज मन्जुरीनामा प्रमाणित | ३००/- | |
| ४४ | हकवाला वा हकदार (अंशियार) प्रमाणित | २००/- | |
| ४५ | अविवाहित प्रमाणित | १५०/- | |
| ४६ | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | २००/- | |
| ४७ | जग्गा धनीपूर्जा हराएको सिफारिस | २००/- | |
| ४८ | पूर्जामा घर कायम गर्ने सिफारिस | ३००/- | |
| ४९ | अंग्रेजी सिफारिस तथा प्रमाणित | प्रति पेज ३००/- | |
| ५० | मिलापत्र कागज /उजुरी दर्ता | १००/- | न्यायिक समितिसँग सम्बन्धित कानून अनुसार |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| ५१ | राष्ट्रिय परिचयपत्रको विलम्ब दस्तुर | २००/- | |
| ५२ | राष्ट्रिय परिचयपत्रको प्रतिलिपि दस्तुर | ५००/- | |
| ५३ | व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क | | पंजीकरण नियमावली अनुसार |
| ५४ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५००/- | पंजीकरण नियमावली अनुसार |
| ५५ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २००/- | |
| ५६ | परिचय नम्बर वा वैयक्तिक विवरणको प्रमाणीकरणको सेवा बापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | ५०/- | |
| ५७ | जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरणको सेवा बापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | ५०/- | |
| ५८ | परिचय नम्बर , वैयक्तिक विवरण, जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरण भई सम्बन्धित व्यक्तिको अन्य वैयक्तिक विवरण प्रदान गरे बापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | २०/- | |
| ५९ | पक्का घरको सर्जमिन वापत | २००/- | |
| ६० | अन्य सबै प्रयोजनको सर्जमिन वापत | २००/- | |
| ६१ | अचल सम्पत्ति मूल्याकंन | ०.०५ प्रतिशत | |
| ६२ | बहाल करको लेखा जोखा सिफारिस | १५०/- | |
| ६३ | घर पाताल प्रमाणित | निःशुल्क | |
| ६४ | कित्तकाट सिफारिस | २००/- | |
| ६५ | नामसारी सिफारिस | २००/- | |
| ६६ | जग्गाको हक सम्बन्धमा सिफारिस | २००/- | |
| ६७ | अन्य सिफारिस ( सबै ) | २००/– | |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| ६८ | पालन पोषणको लागि सिफारिस | १००/- | |
| ६९ | योजना सिफारिस | प्रतिलाख ५००/– | गा. पा ले सञ्चालन गरेका योजना बाहेक |

| | | | |
|---|---|---|---|
| ङ) निजी विद्यालयको कक्षा वृद्धि (अपग्रेड) | | | |
| १ | आधारभूत स्तर | १५०० /- | |
| २ | माध्यमिक स्तर | २०००/- | |

| | | | |
|---|---|---|---|
| ख) सामुदायीक विद्यालय अनुमती | | | |
| १ | बालविकास कक्षा संचालन अनुमती शूल्क | ५०० /- | |
| २ | आधारभूत स्तर अनुमती | २०००/- | |
| ३ | माध्यमिक स्तर अनुमती | ३०००/- | |
| ग) विद्यालयको ठाउँसारी गर्ने सिफारिस | | | |
| १ | निजी | २००० /- | |
| २ | सामुदायीक | ५००/- | |
| घ) निजी विद्यालय अनुमती तथा नवीकरण | | | |
| १ | आधाभूत तह | ५,०००/– | |
| २ | माद्यमिक तह | १०,०००/– | |
| ३ | नवीकरण शूल्क आधारभूत तह वार्षिक | ३,०००/– | |
| ४ | नवकिरण शूल्क वार्षिक माद्यमिक तह | ६,०००/– | |
| ३ | क्याम्पस/कलेज स्तर | २५००/- | |

तलकोट गाउँपालिका

| | | | |
|---|---|---|---|
| **च) सामुदायीक विद्यालयको कक्षा वृद्धि (अपग्रेड)** | | | |
| १ | आधारभूत स्तर | ५००/- | |
| २ | माध्यमिक स्तर | १००० /- | |
| ३ | क्याम्पस/कलेज स्तर | १५०० /- | |
| ४ | ग्रेड सिट प्रतिलिपि दस्तुर | ५००/– | |

| | | | |
|---|---|---|---|
| **छ) घर जग्गा मूल्याङकन** | | | |
| १ | १ लाख देखि २० लाख सम्म | २०००/- | |
| २ | थप प्रति लाख | १०० /- | |

| | | | |
|---|---|---|---|
| **ज) नक्सा पास दस्तुर** | | | |
| १ | कच्ची घरको RCC बाहेक एक मुष्ट भुकम्प प्रतिरोध घर एक तले | ५००/- | |
| २ | कच्ची घरको RCC बाहेक एक मुष्ट भुकम्प प्रतिरोध घर दुई तले | १००० /- | |
| ३ | कच्ची घरको RCC बाहेक एक मुष्ट भुकम्प प्रतिरोध घर तीन तले वा माथि | १५०० /- | |
| ४ | RCC को लागि प्रति तला (भुकम्प प्रतिरोधी) | २००० /- | |
| ५ | RCC को लागि प्रति ३ तला भन्दा माथि (भुकम्प प्रतिरोध) | ५०००/- | |

तलकोट गाउँपालिका

## अनुसुचि १३
(दफा १४ संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने पर्यटन शुल्क

| सि.नं. | राजश्वका क्षेत्रहरु | आगामि आ.व.२०८२/८३ को दर | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक पर्यटक बयस्क | रु १००/- | |
| २ | आन्तरिक पर्यटक विद्यार्थि/बालबालिका/जेष्ठ नागरिक/अपाङ्ग | रु ५०/- | |
| ३ | बाह्य पर्यटक | रु. ५००/- | |

## अनुसूची –१४
## बिक्रीकर (वातावरण शुल्क)

| सि.नं. | राजश्वका क्षेत्रहरु | आ व २०८२/८३ का लागि दर रु | कैफियत |
|---|---|---|---|
| १ | ढुङ्गा,गिट्टी,वालुवा प्रति घनफुट | रु ४/- | |
| २ | माटो (भरौट, बालुवा मिश्रित समेत) प्रति घनफुट | रु ३ /- | |
| ३ | कटिङ ढुँगा, स्लेट प्रति वर्गफुट | रु ३/- | |
| ४ | खरिढुँगा प्रतिटन | ४० /- | |

तलकोट गाउँपालिका

तलकोट गाउँपालिका बझाङ
आर्थिक ऐन २०८३

## *अनुसुचि १६*

*सवारी साधनको बहालको दर*

*( ऐनको दफा १७ सँग सम्बन्धित )*

| क सं | सवारी साधन, इक्वीपमेन्टको प्रकार | प्रतिघण्टा दर रु | कैफियत |
|---|---|---|---|
| १ | ट्याक्टर न्युनतम् १५ मिनेट सम्मका लागि | ५००/– | तेल सहित |
| २ | ट्याक्टर प्रतिघण्टा | न्यूनतममा थप रु १५००/– | तेल सहित |
| ३ | ट्याक्टर प्रतिघण्टा | २०००/– | तेल बाहेक |
| ४ | एक्जाभेटर न्यूनतम | १०००/– | तेल सहित |
| ५ | एक्जाभेटर प्रतिघण्टा | ८५००/– | तेलसहित |
| ६ | एक्जाभेटर प्रतिघण्टा | ४५००/– | तेल बाहेक |
| ७ | ट्याक्टर मासिक बहाल दर रु | ८०,०००/– | तेल बाहेक |

द्रष्टव्य : एक्जाभेटरमा ब्रेकर प्रयोग गरिएको अवस्थामा तोकिएबमोजिमको अतिरिक्त बहाल असुल गरिनेछ ।

आज्ञाले
सुभाष खडका
प्रमुख प्रशासकीय अधिकृत

तलकोट गाउँपालिका